CIVIC ACTION TEAMS

# Nepal Coronavirus CivActs Campaign

अंक #८९

१६ ।९ ।२०७७

**Coronavirus CivActs Campaign (CCC)** ले सरकार, सञ्चार माध्यम, संघसंस्था र आम नागरिक बिचको सूचनाको दुरी कम गर्न देशभरिबाट संकलन गरिएका हल्ला, नागरिकका जिज्ञासा तथा प्रश्नहरु संकलन गरी तथ्य पत्ता लगाएर आम नागरिकलाई सूचित गर्दछ । यसले आम नागरिकका आवश्यकताको पहिचान गर्नुकासाथै हल्लाहरुले कुनै नकारात्मक असर पुर्‍याउनुपुर्व सान्दर्भिक तथ्य आम नागरिक समक्ष प्रवाह गरी जोखिम न्युनिकरण गर्दछ ।

## देशभरी ज्येष्ठ नागरिकहरुलाई नि:शुल्क एवम् सहुलियतपूर्ण सेवा उपलब्ध गराउ जेरियाट्रि वार्ड स्थापना भएका अस्पतालहरु

### प्रदेश १

वी.पी. कोईराला स्वास्थ्य विज्ञान प्रतिष्ठान, *धरान*

कोशी अस्पताल, *विराटनगर*

मेची अस्पताल, *भद्रपुर*

उदयपुर अस्पताल, *उदयपुर*

### गण्डकी प्रदेश

पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठान, पोखरा अस्पताल, *पोखरा*

धौलागिरी अस्पताल, *बागलुङ*

### कर्णाली प्रदेश

प्रदेश अस्पताल, *सुर्खेत*

कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान, *जुम्ला*

### प्रदेश २

नारायणी अस्पताल, *विरगञ्ज*

जनकपुर अस्पताल, *जनकपुर*

गौर अस्पताल, *रौतहट*

गजेन्द्रनारायण सिंह अस्पताल, *सप्तरी*

### लुम्बिनी प्रदेश

भेरी अस्पताल, *नेपालगञ्ज*

राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठान, *घोराही, दाङ*

लुम्बिनी अस्पताल बुटवल, *रुपन्देही*

### सुदूरपश्चिम प्रदेश

सेती अस्पताल, *धनगढी*

डडेलधुरा अस्पताल, *डडेलधुरा*

### बागमती प्रदेश

पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान, पाटन अस्पताल, *ललितपुर*

आयुर्वेद शिक्षण अस्पताल, *कीर्तिपुर*

भरतपुर अस्पताल, *भरतपुर*

बीर अस्पताल, राष्ट्रिय चिकित्सा विज्ञान प्रतिष्ठान, *काठमाण्डौ*

हेटौडा अस्पताल, *मकवानपुर*

राष्ट्रिय ट्रमा सेन्टर, *काठमाण्डौ*

शुक्रराज ट्रपिकल तथा सरुवा रोग अस्पताल, *काठमाण्डौ*



स्रोत: https://mohp.gov.np/attachments/article/97/Final%20Copy.pdf

## नेपाल अपडेट




विस्तारै विद्यालय खुल्न थालेसँगै मकवानपुरको एक विद्यालयमा विद्यार्थी प्रवेश गर्नुपूर्व तापक्रम नाप्दै

तस्विर: मञ्जु रोक्का

### परिक्षण

पिसिआर परिक्षण: १९,२६,४७७

पोजेटिभ: २,६०,५९०

उपचाररत: ६,३००

मृत्यु : १,८४७

सन्चो भएका : २,५१,९१२




Source: https://covid19.mohp.gov.np/#/

# हल्ला र तथ्य



संक्रमितको ठेगाना फरक परेर संक्रमितको पहिचान गर्न गाह्रो भईरहेको छ भनिन्छ । यस सम्बन्धी स्पष्ट व्यवस्था छैन ?

कोरोना संक्रमितको ठेगानामा एकरुपता नहुँदा सम्पर्कमा आएका व्यक्तिको पहिचान गर्न गाह्रो हुने भएकोले संक्रमित हाल बसोबास गरेको ठाउँको ठेगाना उल्लेख गर्न सबै अस्पताल तथा प्रयोगशालालाई सरकारले निर्देशन दिएको छ । यसो नगरेको पाईएमा जो कसैले उजुरी दिन सक्नेछ र त्यस्ता उजुरी उपर स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले कारवाही गर्नेछ ।

स्रोत: https://cutt.ly/2jeK8Mg



वैदेशिक राजगारीमा जान अब सबै प्रकृया अनलाईनबाटै गर्न मिल्छ रे ।

एक पटक विभागको अनलाईन प्रणालीबाट बायोमेट्रिक गरेर श्रम स्वीकृति लिइसकेकाले पुन: श्रम स्वीकृति लिन चाहेमा अनलाईन बाटै आवेदन फारम भरी अनलाईनबाटै पुन: श्रम स्वीकृति सेवा लिन सक्नेछन् । यो सँगै म्यादी जीवन बीमा र कल्याणकारी कोषको रकम पनि अनलाईन प्रदायकबाट थप शुल्क नतीरी भूक्तानी गर्न सकिनेछन् ।

स्रोत: https://dofe.gov.np/DetailPage.aspx/id/169/lan/ne-NP



महामारीकै अवधिमा वैदेशिक रोजगारीमा जानेको संख्या ह्वातै बढ्यो भन्छन् । यसको कुनै आधिकारिक तथ्यांक छ ?

कोरोना महामारीकै अवधिमा झण्डै २६ हजार जनाले विदेश जान पुन: श्रम स्वीकृति लिएका छन् । पौष ८ गतेसम्ममा बिदामा स्वदेश आएर फर्कन खोज्ने २५,७५४ जनाले पुन: श्रम स्वीकृति लिएको श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको तथ्यांकले देखाउँछ । सरकारले गएको असार १८ गतेदेखि पुन: श्रम स्वीकृति दिन सुरु गरेको थियो । यस्तै सरकारले गएको भदौ १४ गतेदेखि श्रम स्वीकृति खोलेपछि ७ हजारभन्दा धेरैले वैदेशिक रोजगारीमा जान श्रम स्वीकृति लिएका छन् । मन्त्रालयका अनुसार संस्थागत र व्यक्तिगत गरी ७ हजार ३३५ जनाले नयाँ श्रम स्वीकृति लिएका छन् । यस्तै १४ सय २१ जनाले वैधानिकरण गरेका छन् ।

स्रोत: https://moless.gov.np/wp-content/uploads/2020/12/2077-9-8-Progress-report.pdf



काठमाण्डौमा रात्रिकालिन पर्यटन व्यवसाय सञ्चालनमा आए पनि सरकारले तोकेको सुरक्षा मापदण्ड पालना गरेको पाईदैन । यसको अनुगमन हुँदैन ?

कोभिड - १९ का कारण बन्द भएका रात्रिकालिन पर्यटन व्यवसाय सञ्चालन सम्बन्धी स्वास्थ्य सुरक्षा मापदण्ड संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले कार्यान्वयनमा ल्याएको छ । जस अनुसार मापदण्डको पालना भए/नभएको अनुगमन गर्ने व्यवस्था गरिएको छ । सोही व्यवस्था बमोजिम जिल्ला प्रशासन कार्यालय काठमाण्डौले सहायक प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा अनुगमन समिति गठन गरी अनुगमन गरिरहेको छ । कहिकतै मापदण्ड विपरित भएको पाएमा जिल्ला प्रशासन कार्यालयमा उजुरी पनि दर्ता गर्न सकिन्छ ।

स्रोत: https://cutt.ly/rjts9KD

WhatsApp मार्फत हाम्रो बारेमा नियमित ताजा जानकारी पाउन

१. तपाईको कन्ट्याक्ट लिस्टमा **+2760806146** एड गर्नुहोस्
२. माथिको कन्ट्याक्ट नम्बरमा **Nepal** लेखेर म्यासेज पठाउनुहोस्




**COVID-19**
को बारेमा बुझ्न नि:शुल्क हटलाईन
viamo द्वारा प्रस्तुत

कोभिड - १९ सम्बन्धी सित्तैमा जानकारी लिनको लागि तपाईको NTC सिमकार्डबाट **३२१००** मा डायल गर्नुहोस्

accountabilitylab NEPAL

# Open Migration

## मुख्य गन्तव्य राष्ट्रमा रहेका नेपाली कामदार

| साउदी अरव | कुवेत | बहराईन | कतार | युएई | ओमान | मलेसिया | दक्षिण कोरिया |
|---|---|---|---|---|---|---|---|
| ३,३४,४५१ नेपाली | ७१,१९३ नेपाली | २६,००० नेपाली | ४,०६,९१७ नेपाली | २,२४,९०५ नेपाली | १७,०५७ नेपाली | ५००,००० नेपाली | ३८,८६२ नेपाली |
| ३,६२,६०१ संक्रमित | १,५०,९८ संक्रमित | ९२,४२५ संक्रमित | १,४३,६२१ संक्रमित | २,०६,०९२ संक्रमित | १,२८,७१९ संक्रमित | १,१०,४८५ संक्रमित | ६०,७४० संक्रमित |
| ५,८०० नेपाली संक्रमित | २,३५० नेपाली संक्रमित | ४५१ नेपाली संक्रमित | २८,२५० नेपाली संक्रमित | ५,३५० नेपाली संक्रमित | ३०० नेपाली संक्रमित | २१०० नेपाली संक्रमित | २९ नेपाली संक्रमित |
| ८८ मृत्यु भएका नेपाली | १२ मृत्यु भएक नेपाली | ३ मृत्यु भएका नेपाली | १८ मृत्यु भएका नेपाली | ३९ मृत्यु भएका नेपाली | १ मृत्यु भएका नेपाली | १ मृत्यु भएका नेपाली | |




स्रोत: https://coronavirus.jhu.edu/map.html
https://www.covid19.nrna.org.np/
https://publications.iom.int/system/files/pdf/mp_nepal_2019.pdf

ShramikSanjal

## कुवेत र यूएईको ताजा खबर

### कुवेत

- जनवरी २ तारिख देखी सबै नाकाहरु (हवाई, जमिन, सामुद्रिक) खुल्नेछन् । तर, ३५ वटा देशमा लगाईएको प्रतिबन्ध भने कायमै रहनेछ ।
- कुवेतमा अनडकुमेन्टेट (अवैधानिक) भएर बसिरहनु भएका आप्रवासी कामदारहरुलाई निश्चित प्रकृया पुर्‍याएर वैधानीक बन्ने एउटा अवसर दिईएको थियो, जुन डिसेम्बर ३१, २०२० सम्म थियो । अहिले त्यसको समय थप गरेर अरु एक महिना अर्थात् २०२१ को जनवरी अन्तिम सम्म बनाईएको छ ।

### यूएई

- १ मार्च २०२० भन्दा पहिले भिषाको म्याद सकिएर जरिवानामा पर्नुभएका आप्रवासीहरुलाई दिईरहेको आम माफी (कुनै जरिवाना नतिरी आफ्नो देश फर्किन पाईने प्रकृया) को म्याद २ पटकसम्म थप गर्दै ३१ डिसेम्बर २०२० सम्म बनाईएको थियो जसको म्याद सकिँदै छ ।
- टुरिष्ट भिषामा रहेका र भिषा भर्खरै सकिएका साथै सकिनै लागेका यूएई घूम्न आएकाहरुको लागि, एक महिना सम्म भिषाको समय थप गरिएको छ (अहिले मिति सकिएको टुरीष्ट भिषा अरु एक महिना अर्थात् २०२१ को जनवरी भरी रहने छ ।
- अबुधाबीमा ३१ डिसेम्बर २०२० देखी सार्वजानिक बस सेवा सुरु भएको छ । कोरोना प्रभावको लामो समय पछी सुरु भएको यो सेवा ५०५ क्षमतामा चंञ्चालन गरिने छ । अल एन लगायतका अबुधाबी अन्तरगतका आफ्ना शहरहरुमा मात्र यो सेवा छ । दुबई, सारजाह लगायतका अन्य ईमिरेट्समा भने अझै संञ्चालनमा आईसकेको छैन ।

**www.facebook.com/shramik.sanjal** बाट तपाई हेरेक आईतबार, बुधबार र शुक्रबार बेलुका UAE Time (8:00 PM), Qatar, KSA, Kuwait (7:00 PM) Malaysia (12 Midnight) हाम्रो लाईभ हेर्न सुन्न सक्नुहुन्छ ।

accountabilitylab NEPAL

# $ फलो द मनी - खर्चको अर्थ

## २०७७ साल श्रावण मसान्त सम्म कोभिड - १९ को सन्दर्भमा भएको जम्मा खर्च

**१३ अर्ब ३७ करोड**

| संघिय सरकार | प्रदेश सरकार | स्थानीय सरकार | प्रधानमन्त्री कोरोना रोकथाम तथा उपचार कोष |
|---|---|---|---|
| ३६% | ११% | ४५% | ८% |

## संघिय सरकारमा भएको खर्च शिर्षक

औषधी तथा स्वास्थ्य उपकरण
रु. १,७५,५२,४०,०००

क्वारेन्टाईन व्यवस्थापन
रु. ४,६९,४६,०००

स्वास्थ्य बीमा
रु. २,९३,८८,९६,०००

अन्य
रु. १,२४,७३,०००

मानव स्रोत साधन परिचालन
रु. ५,७४,४३,०००

## प्रदेश सरकारले गरेको खर्च

रकम निकासा

खर्च भएको रकम




accountabilitylab NEPAL

# $ फलो द मनी - खर्चको अर्थ

## २०७७ साल कार्तिकसम्म धनगढी उप महानगरपालिकाले कोभिड - १९ सम्बन्धी गरेको खर्चको विवरण

| | |
|---|---|
| अस्पताल निर्माण तथा व्यवस्थापन | रु. १,२०,५७८ |
| प्रयोगशाला निर्माण तथा स्तरोन्नती | रु. १,१५,६७५ |
| क्वारेन्टाइन निर्माण | रु. १४,४८,९११ |
| क्वारेन्टाइनमा प्रयोग हुने सामग्री खरिद | रु. १०,९१,८५४ |
| क्वारेन्टाइनमा बस्नेलाई खाना खर्च | रु. १३,२४,९३० |
| आइसोलेसन निर्माण तथा तयारी | रु. ३४,७४,९९५ |
| आइसोलेसन व्यवस्थापन खर्च | रु. २५,००० |
| आइसोलेसन खाना खर्च | रु. ३१,१५,८४० |
| औषधी | रु. ४,९७,०३० |
| औषधी जन्य सामग्री | रु. ३०,७४,७४८ |
| एम्बुलेन्स् सञ्चालन तथा व्यवस्थापन | रु. ९,४४,४०६ |
| राहत वितरण | रु. ९३,१९,९८७ |
| जोखिम भत्ता | रु. ३५,०४,६६४ |
| अन्य | रु. १४,३८,८५७ |

धनगढी उप-महानगरपालिकाले २०७७ कार्तिक मसान्त सम्म कोभिड - १९ सम्बन्धी गरेको खर्चको विवरण सार्वजनिक गरेको छ । केही मात्रामा भए पनि खर्च शिर्षकहरु विस्तृत रुपमा उल्लेख गरेको छ । अन्य पालिका जस्तै, उप-महानगरपालिकाले सबै भन्दा बढी खर्च राहत वितरणमा गरेको छ । यसरी सरकारसँग भएको सिमित स्रोतलाई हेर्दा, यस शिर्षकमा भएको समग्र खर्चको उपाधेयता बुझ्न जरुरी छ । उसले अर्को धेरै खर्च आइसोलेशन तथा क्वारेन्टाईन निर्माण तथा व्यवस्थापन र स्वास्थ्य सामाग्रीमा भएको छ । जुन न्यायोचित र सान्दर्भिक छ । उप-महानगरपालिकाले छुट्टाछुट्टै शिर्षकमा खर्च सार्वजनिक गर्नु राम्रो संकेत हो । यसले स्थानीय तहले पारदर्शिताको राम्रो अभ्यासका थालनि गरेकाछन् भन्ने देखाउँछ ।

नोटः हाम्रो उद्देश्य सरकारले गरेको राम्रो काम र छुट्याएको बजेटको बारेमा सबैलाई जानकारी होस र सो पश्चात यस विषयमा नागरिक र अन्य सरोकारवालाको बिचमा छलफल भई सरकारलाई प्रयाप्त पृठपोषण प्राप्त होस् भन्ने हो । यहाँ प्रस्तुत विवरण पूर्ण हैन । उपलब्ध माध्यमबाट संग्रह गरी राखिएको हो । थप सही तथ्यांक संकलन गरी परिमार्जन गर्दै जानेछौं । यसमा सबैले सहयोग गरिदिनुहुन अनुरोध गर्दछौं ।

# फ्रन्टलाईनर्स भोईसेस



## सुदिप पौडेल

स्वास्थ्य शाखा प्रमुख, खजुरा गाउँपालिका, बाँके

"कुनै पनि नयाँ घटनाले जिवनमा नयाँ कुरा सिक्ने अवसर दिन्छ भने झैं मैले कोरोनाबाट पनि नयाँ कुराहरु सिक्न पाएको छुँ । कोरोना नयाँ प्रकारको संक्रामक रोग भएका कारण सुरुमा हामीसँग रहेका जति सुकै जनशक्ति पनि शुन्य बराबर नै रह्यो । त्यसबाट पुर्व तयारीको अनुमान गरि सोही अनुसार कार्य गर्ने र दैविप्रकोपको सामना एक्लैले गर्न सकिदैन, यसमा सबैले हातेमालो गर्न जरुरी छ भन्ने लगायत धेरै कुरा सिकैं । हाल कोरोना सामान्य नभई मानिसमा यस प्रतिको सोच सामान्य भएको हो तसर्थ, जोखिमलाई मध्यनजर गर्दै दैनिक कामकाजमा निस्कदा स्वास्थ्य मापदण्ड अवलम्बन गर्न हुन अनुरोध गर्दछु । "

## धन बहादुर बुढा

स्वास्थ्य शाखा प्रमुख, डुडुवा गाउँपालिका, बाँके



"डुडुवा गाउँपालिकामा धेरै धर्मका मानिस बस्ने हुँदा कोरोनाको जोखिम यथावत रहीरहँदा पनि धार्मिक मुल्यमान्यतालाई कायम राख्दै भिडभाड गरिरहन्छन् । जसलाई पालिका तथा जिल्ला प्रशासनले पनि रोक्न सक्ने अवस्था छैन । त्यस क्षेत्रमा जुन प्रकारको सकारात्मक प्रचार प्रसार पुग्नु पर्ने हो, त्यसो नभई नक( ारात्मक प्रचार प्रसारको हावि भएको छ । विगतका वर्षमा सामान्य रुघाखोकी टाउको दुखाईका विरामी स्वास्थ्य केन्द्र आउने गर्थे । तर, अहिले झण्डै आधा भन्दा बढी मानिस कोरोना संक्रमण देखिने डरले आउनै छोडेकाछन् । कोरोनाको जोखिम समुदायको हरेक क्षेत्रमा छ, तर सावधानी अपनाए यसबाट सजिलै बच्न सकिन्छ भन्ने शन्देश समुदायमा जान जरुरी छ ।"



## सुवास खड्का

प्रवक्ता तथा प्रहरी नायब उपरिक्षक, जिल्ला प्रहरी कार्यालय, बाके

"कोरोनाको सुरुवातसँगै यसको व्यवस्थापनका लागि प्रहरीमा नयाँ जिम्मेवारी थपियो । जसको लागि बचावको जानकारी भए पनि सुरक्षाका समाग्री अभावका कारण सोचे भन्दा बढि जटिल समयको सामना गर्नु पऱ्यो । सुरक्षार्थ खटिदा जिल्लामा कार्यरत प्रहरी जवान देखि बिभिन्न तहको पदाधिकारीमा पनि संक्रमण देखिदा केही समय कार्यालयहरु पनि सिल गर्नु पर्ने अवस्था आयो । यसले सुरक्षा पनि चुनौती थपियो । यद्यपी अहिले अवस्था सामान्य हुदैछ, तर प्रहरीको डर भन्दा पनि कोरोनालाई पराजित गर्न र समाजलाई कोरोना मुक्त बनाउन आम जनता सचेत हुन सके भावि जोखिमबाट बच्न सकिने छ । "

सही सूचना

# ७ वटै प्रदेशमा गरिएको जम्मा पिसिआर परीक्षणको संख्या




माथीको चार्टमा ७ वटै प्रदेशमा गरिएको कोभिड - १९ पिसिआर परीक्षणको जम्मा संख्यालाई देखाईएकोछ । कुल परीक्षण संख्या मध्ये करिब ५४ प्रतिशत परीक्षण बागमती प्रदेशमा मात्र गरिएको छ भने, बाँकी ४६ प्रतिशत परीक्षण अन्य ६ वटा प्रदेशमा भएकोछ । यो बागमती प्रदेशमा बढी जनसंख्या भएर पनि हुन सक्छ, तर त्यहाँ परीक्षण गरिएको संख्यामा भने ठुलो भिन्नता छ । उदाहरणको लागि प्रदेश नं. २ मा सबै भन्दा बढी जनसंख्या भएपनि परीक्षण भएको संख्या कुल परीक्षण गरिएको संख्याको जम्मा ९ प्रतिशत मात्र छ । त्यसैले सरकारले सबै प्रदेशमा समान रुपमा स्रोत परिचालन गर्न जरुरी छ ।

स्रोत: HEOC, MoHP, SitRep

**DISCLAIMER**

यो अंकमा समेटिएका हल्ला, सवाल तथा सूचनाहरु, बिभिन्न संस्था तथा व्यक्ति, नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालय र विश्व स्वास्थ्य संगठनको वेब पेज, सामाजिक सञ्जाल, ७ वटै प्रदेशमा रहेका कम्युनिटी फ्रन्टलाईनर्स र सिभिक एक्सन टिमले विगत एक हप्तामा बिभिन्न व्यक्तिसँगको प्रत्यक्ष तथा अप्रत्यक्ष संवादबाट संकलन गरिएका हुन् । विषयको महत्व, सान्दर्भिकता र तीव्रतालाई ध्यान दिएर हल्ला, सवाल तथा जिज्ञासाहरु छनोट गरीएका छन् । यो अंकमा समेटिएका जानकारी बुलेटिन प्रकाशित भएको मिति सम्म सत्य छन् ।

**Coronavirus CivActs Campaign** is brought to you by **Accountability Lab Nepal**.

accountabilitylab communities

@CivicActionTeams @civacts @CivActs

CivActs | Email: civactsnp@accountabilitylab.org | Phone: 9851203219